गुराँस गाउँपालिका

# गाउकार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रानीमत्ता, दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः- २०७९/०८०

चलानी नं.-

## विषयः सूचना । सूचना ।। सूचना ।।।

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०८/०९

प्रस्तुत विषयमा गुराँस गाउपालिकाको आ.व. २०७९/०८० को बार्षिक स्वीकृत लक्ष्य अनुसार पालिका अन्तरगतका वडाहरुमा तपशिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले तपशिलबमोजिमको कागजात सहित सुचना प्रकाशन भएको मितिले २१ दिन अर्थात २०७९/०८/२९ गते भित्र गाउपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचामा निवेदन पेश गर्नका लागि ईच्छुक कृषक/कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुलाई यो सुचना आह्वान गरिएको छ ।

तपशिल

| १. साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम (शसर्त अनुदान तर्फ) | | जम्मा बजेट | कैफियत |
|---|---|---|---|
| मापडण्डहरु | विवरण | १२,००,००० | वडा नं ४ ५ ६ ७ ८ भित्र |
| तोकिएको वाली | आलु | | |
| लक्ष्य संख्या | २ वटा पकेट | | |
| न्यूनतम क्षेत्रफल | १४० रोपनी प्रति पकेट | | |
| परियोजनावाट उपलव्ध हुने सुविधा | चालु अनुदान नविन उत्पादन प्रविधि प्रदर्शन तथा तालिम उन्नत वीउ लगायत /विरुवा /वेर्ना .रासायनिक मल जस्ता उत्पादन सामग्री सहयोग<br>पुजिगत अनुदानः मेशिनरी औजार ,सिचाई निर्माण /मर्मत अन्य | | |
| हुनु पर्ने सेवा /सुविधा पूर्वाधार | (क) सडकको पहुच भएको वा हुनसक्ने ।<br>(ख)एउटै रोडकोरिडोरमा रहेको ।<br>(ग )विद्युत उपलव्धता भएको वा हुनसक्ने । | | |
| कार्यक्रम संचालनको संक्षिप्त मोडालिटि | कार्यक्रम संचालनको लागि सम्भाव्यता अध्ययनको आधारमा कृषि विकास समिति बाट छनौट गरी समुह/सहकारीको निर्णय बमोजिम गुराँस गाउँपालिकामा सम्झौता गरी कार्यक्रम संचालन हुनेछ । | | |
| २. एक व्यावसायिक कृषक एक सिंचाई पोखरी निर्माण कार्यक्रम (गा. पा. अनुदान तर्फ) | | ९,००,००० | ८ वटै वडा भित्र |
| लक्ष्य संख्या | आवश्यकता अनुसार | | |
| ३. बाझो जमिनमा कृषि उत्पादन कार्यक्रम (गा.पा अनुदान तर्फ) | | ८,००,००० | ८ वटै वडा भित्र |
| लक्ष्य संख्या | आवश्यकता अनुसार | | |
| अनुदान रकमः- प्रति रोपनि रु २५०० का दरले | | | |
| क्षेत्रफलः- न्युनतम ३ रोपनी | | | |

राम बहादुर ...

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

गुराँस गाउँपालिका
# गाउकार्यपालिकाको कार्यालय
## कृषि बिकास शाखा
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

आवश्यक कागजातः-

१. आलु पकेट विकास कार्यक्रमको लागि रु १० को टिकट सहित अनुसुचि १० बमोजिमको निवेदन तथा कार्यविवरण र सिचाई पोखरी तथा साना सिंचाईको लागि अनुसुची ६ बमोजिमको तथा बाँझो जमिनमा कृषि उत्पादनका लागि अनुसुचि ३ बमोजिमको निवेदन अनुसुचि ४ बमोजिमको प्रस्ताव र अनुसुचि ५ बमोजिमको स्वघोषणा हुनुपर्नेछ ।

२. कृषक समुह / कृषि सहकारी हरुको कार्यक्रम मागको निर्णय प्रतिलिपी ।

३. कृषक समुह/ सहकारी / फर्म सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र ।

४. आलु पकेट विकास कार्यक्रम सन्चालन हुने जग्गाकों विवरण तथा प्रत्येक सदस्यहरुको जग्गाधिनी पुजाको फोटोकपी र जग्गा लिजमा लिएको भए कम्तिमा ५ बर्षको र बाँझो जमिनमा कृषि उत्पादन कार्यक्रमंका लागि ३ बर्षको सम्झौता ।

५. सम्बन्धित वडा कार्यालयको सिफारिस संलग्न गर्नु पर्नेछ ।

६. निवेदन फाराम कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

७. सूचनाको अन्तिम म्यादको दिन सार्वजनिक विदा परेको खण्डमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र निवेदन पेश गर्न सकिने छ ।

८. रु ५००/ राजस्व गाउपालिकाको राजस्व शाखामा दाखिला गरी सक्कल भौचर निवेदन साथ संलग्न पेश गर्नुपर्नेछ ।

९. बाँझो जग्गामा कृषि उत्पादन कार्यक्रमका लागि खेति गरीनेः जग्गा विगत ३ बर्ष सम्म बाँझो रहेको तथा बाँझो जग्गा खुल्ने वडा कार्यालयको सिफारीस हुनुपर्ने छ ।

१०. आलु पकेट कार्यक्रमको अनुदान पकेट विकास कार्यक्रम कार्यन्वयन म्यानुयल २०७७ र बाझो जमिनमा कृषि उत्पादन कर्यक्रमको लागि बाझो जमिनमा कृषि उत्पादनअनुदान संचालन कार्यविधि २०७९ बमोजिम हुनेछ ।

पुनश्चः गाउपालिकाको कृषि शाखामा सुचिकृत नभएका, पूर्ण रुपमा नभरिएको र म्याद नाघि आएका निवेदनहरुलाई अनुदान कार्यक्रममा सहभागी गराउन सकिने छैन ।

थप जानकारीका लागि कृषि विकास शाखाको मोबाईल नं ९८४८१३८६९५ र ९८६७९५८०२० मा सम्पर्क गरी कार्यक्रमका बारेमा जानकारी लिन सक्नुहुनेछ ।

(बम बहादुर के. सी.)
प्रमुख प्रशासकिय अधिकृत

बम बहादुर के.सी.
प्रमुख प्रशा...



Scanned with CamScanner